# गणपति लघुवित्त वित्तीय संस्था लि.
## केन्द्रीय कार्यालय दुलेगौंडा, तनहुँ
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची - १५ बमोजिमको वार्षिक प्रतिवेदन (२०८०/८१)

**(१) सञ्चालक समितिको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(२) लेखापरीक्षकको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(३) लेखापरीक्षण भएको वित्तीय विवरण :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ।

**(४) कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर भएको छैन।

**(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजारमा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारणा नरहेको ।

**(ख) आ.व. वर्ष २०८०/८१ को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण:**

| विवरण | प्रथम त्रैमासिक (२०८०/०८१) | दोस्रो त्रैमासिक (२०८०/०८१) | तेस्रो त्रैमासिक (२०८०/०८१) | चौथो त्रैमासिक (२०८०/०८१) |
|---|---|---|---|---|
| अधिकत्तम मूल्य | ८३४ | ८३४ | १,२१० | २,२०६ |
| न्यूनतम मूल्य | ६५१ | ६५१ | ७६२ | १,७०५ |
| अन्तिम मूल्य | ६६७ | ६६७ | १,१३४ | २,२०५ |
| शेयर कारोवार संख्या | ७११ | ७११ | २,३६४ | ५,९२९ |
| कारोवार दिन | ६१ | ६१ | ५८ | ६१ |

**(६) समस्या र चुनौती:**

**(क) आन्तरिक:**

- कार्यक्रमको वृद्धिसंगै सञ्चालन खर्चमा समेत वृद्धि हुदै जानु।
- फिल्डमा काम गर्ने दक्ष कर्मचारीको अभाव ।
- कर्मचारी त्यागदरमा उच्च वृद्धि हुनु।
- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।

**(ख) वाह्य:**

- विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को असरका कारण ऋणी सदस्यहरुको व्यापार व्यवसाय अझैसम्म पनि तङ्गरिन नसकेको हुँदा किस्ता असुलीमा अझै सुधार हुन सकेको छैन ।
- मौद्रिक बजारमा समय समयमा उत्पन्न हुने तरलता अभाव ।
- लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा ।
- लघुवित्त वित्तीय संस्थाहरुको विरुद्धमा सञ्चालित अराजक समूहहरुको गतिविधि ।
- एउटै सदस्यले विभिन्न संस्थाहरुबाट कर्जा लिएको ब्यवस्था ।
- बैंकहरुले लघुवित्त वित्तीय संस्थाहरुबाट कर्जा सापटमा लिने ब्याजदरमा उतारचढाव ।
- अप्रत्यासित रुपमा आई पर्ने प्राकृतिक प्रतिकूल अवस्था ।
- नियामक निकायहरुबाट समय समयमा संशोधन गरिने नीतिगत व्यवस्था।
- शिथिल अर्थतन्त्र।
- लघुवित्त मैत्री नीतिको अभाव।
- संस्थाको कार्यक्षेत्रभित्रका अधिकांश स्थानहरुमा विभिन्न व्यक्तिहरुको समूहहरुले गैर कानूनी रुपमा सञ्चालन गरेको लघुवित्त वित्तीय संस्था विरुद्धको संघर्ष समितिहरुले अवाञ्छित, अमर्यादित गतिविधि सञ्चालन गरी रहेको हुँदा लघुवित्त उद्योग मै नकारात्मक प्रभाव पारेको अवस्था।
- फिल्डवाट कर्मचारीहरुलाई हुने डर, धाक, धम्कीका कारण कर्मचारीहरु लघुवित्त क्षेत्रबाट पलायन हुनु।

**(ग) रणनीति:**

- वित्तीय साक्षरतामा जोड दिने।
- कर्मचारी कार्य कुशलतामा वृद्धि गर्ने ।
- ग्राहकको माग, चाहना अनुरुप ग्राहकमुखी सेवा सुविधाको विकास तथा विस्तार गर्ने ।
- प्रशासनिक कार्य कुशलतामा सुधार गर्ने ।
- जोखिम व्यवस्थापनको सुदृढीकरण गर्ने ।
- कर्जा जोखिम ब्यवस्थापन गरी खराब कर्जालाई सक्रिय कर्जामा परिणत गर्ने ।
- प्रविधियक्त सेवा विस्तार गर्ने ।

**(७) संस्थागत सुशासन:**

यस संस्थाले आफ्नो काम कारोवार चुस्तदुरुस्त छिटो छरितो एवम् संस्थागत सुशासनलाई उच्च महत्व दिई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ। त्यस्तै संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य सम्बन्धित ऐन नियमहरुको पूर्ण पालना गरी रहेको छ ।